## सिन्धुपाल्चोकको बलेफी गा.पा.मा मोटरसाइकल दुर्घटनामा जर्मनी नागरिकको मृत्यु

मिति २०७३।१२।०८ गते अन्दाजि १५:५५ बजेको समयमा जिल्ला सिन्धुपाल्चोक बलेफी गाउँपालिका-५ कोठे स्थित अरनिको राजमार्ग अन्तर्गत बञ्जी जम्प गर्नको लागि काठमाडौंबाट बाह्रबिसे तर्फ आउँदै गरेको DL.2.HN.0355 नं को ईण्डियन मोटरसाइकल अनियन्त्रित भई सडकको दाँया साइडबाट अन्दाजि ५०-६० मिटर तल सुनकोसी नदीमा खस्दा जर्मन नागरिक अन्दाजि वर्ष ४५ का पुरुष Wolf Nuckell भिरमा अड्किएको अवस्थामा फेला पारि भिरबाट निकाली गम्भिर घाईते भई उपचारकालागि सशस्त्र प्रहरी बल सिमा सुरक्षा गुल्मबाट खटिई जानु भएका आईडि नं. २४८५ का स.प्र.नि. हरिकृष्ण खड्काको कमाण्डमा १३ (तेह्र) जनाको गाडि मोबाइल टोलीले उद्धार गरि स्थानिय सिन्धु सदाबहार अस्पताल, खाडिचौर ल्याईएको हुँदा निजको उपचारको क्रममा सम्बन्धित चिकित्सकले १६:४० बजेको समयमा मृतक घोषणा गरेको र घटनास्थलमा ईलाका प्रहरी कार्यालय बाह्रबिसेबाट प्र.नि. पञ्च कुमार बख्खुको कमाण्डमा ७ (सात) जनाको टोली खटिएको उक्त मोटरसाइकल प्रहरी चौकी लामोसाँघुको नियन्त्रणमा रहेको र मृतक Wolf Nuckell को शव पोष्टमार्टमकालागि त्रिभुवन शिक्षण अस्पताल लगिएको ।

**स्रोत: जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, चौतारा, सिन्धुपाल्चोक**